राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २७४ २०८३ वैशाख २५ गते शुक्रवार (8 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## भोला पासमान सहित पाँचजना पत्रकार सम्मानित



दैनिक समाचारदाता
काठमाडौं, २४ वैशाख । राष्ट्रपति रामचन्द्र पौडेलले जिम्मेवार र निष्पक्ष पत्रकारिताले संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ बनाउँदै सुशासन, विकास र आर्थिक समृद्धिको यात्रामा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको छ । राष्ट्रिय पत्रकारिता दिवस २०८३ को अवसरमा सूचना तथा सञ्चार प्रविधि मन्त्रालयद्वारा आयोजित पुरस्कार वितरण कार्यक्रममा राष्ट्रपति पौडेलले वरिष्ठ पत्रकार सम्मानबाट चन्द्रकिशोर झा र नम्रता शर्मालाई सम्मान गर्नुभयो । त्यसैगरी राष्ट्रिय पत्रकारिता पुरस्कारबाट भोला पासवान, उमेश श्रेष्ठ र रुपा गहतराज सम्मानित हुनुभयो । सम्मानित पत्रकारहरूलाई जनही दुई लाख रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपालको राजनीतिक, सामाजिक र सांस्कृतिक परिवर्तनमा नेपाली पत्रकारिताले खेलेको भूमिका ऐतिहासिक रहेको बताउनुभयो । उहाँले संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको उल्लेख गर्दै पत्रकारलाई निर्भय र स्वतन्त्र वातावरणमा समाचार सम्प्रेषण

## खाद्य प्रविधि कार्यालयद्वारा गोपाल डेरी उद्योगको १०५ किलो दही नष्ट

दैनिक समाचारदाता
जनकपुरधाम, २४ वैशाख । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले जनकपुरधाम उपमहानगरपालिका(४ स्थित गोपाल डेरी उद्योगको १०५ किलो दही नष्ट गरेको छ । नष्ट गरिएको दहीको बजार मूल्य करिब १२ हजार रुपैयाँभन्दा बढी रहेको कार्यालयले जनाएको छ ।

खाद्य प्रविधि अधिकृत रमेश दाहालको नेतृत्वमा गएको अनुगमन टोलीले उद्योगमा उत्पादित दहीमा आवश्यक लेबल नभएको, गुणस्तर परीक्षणका क्रममा पाउडरको मात्रा भेटिएको तथा दही धेरैदिनको प्याकेजिङ गरिएको पाइएपछि उक्त दही नष्ट गरिएको जनाएको छ ।

अधिकृत दाहालका अनुसार यसअघि पनि पटक(पटक गरिएको अनुगमनमा सो डेरी उद्योगका खाद्यवस्तुमा गुणस्तर कमी देखिएको थियो । सुधार गर्न निर्देशन दिँदा समेत बेवास्ता गरिएकाले बाध्य भएर दही नष्ट गर्नुपरेको उनले बताए ।




अनुगमनका क्रममा दूधमा २५ प्रतिशतभन्दा बढी पानी मिसावट गरिएको समेत फेला परेको दाहालले जानकारी दिएका छन् । डेरी उद्योगमा सरसफाइको अभाव, दहीको न्यून गुणस्तर तथा बारम्बारको निर्देशनलाई बेवास्ता गरिएकाले अन्तिम पटक सुधारको मौका दिइएको र आगामी दिनमा पनि कमजोरी दोहोरिए कानुनी प्रक्रिया अघि बढाइने चेतावनीसमेत उनले दिएका छन । त्यसैगरी टोलीले संजय दूध डेरी उद्योग, हेमा गाईभैंसी पालन दूध डेरी उद्योग, राजीव डेरी उद्योग, राधेकृष्ण डेरी उद्योग, जय सियाराम डेरी उद्योग तथा समृद्धि दुग्ध डेरी उद्योगलगायतमा पनि अनुगमन गरेको थियो। अनुगमनका क्रममा अन्य पक्ष सामान्य रहे पनि केही डेरीमा दूधमा २५ प्रतिशतसम्म पानी मिसावट गरिएको पाइएको जनाइएको छ।

अनुगमनका क्रममा पानीको मात्रा, न्युट्रोलाइज, युरिया लगायतको परीक्षण गरिएको थियो । पानीको मात्रा बाहेक अन्य परीक्षणमा भने गुणस्तर सन्तोषजनक रहेको टोलीले जनाएको छ ।

अनुगमन टोलीमा जनकपुर उद्योग वाणिज्य संघ, सञ्चारकर्मी, जिल्ला प्रशासन कार्यालयका पदाधिकारी तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्राविधिकहरूको सहभागिता रहेको थियो।

## मधेशका मुख्यमन्त्री सचिवालयमा १० नियुक्ति, तलब रोकियो

दैनिक समाचारदाता
जनकपुरधाम, २४ वैशाख । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले निजी सचिवालयमा १० जना नियुक्त गरेपछि उनीहरूको तलबभत्ता रोकिएको छ ।

मुख्यमन्त्री यादव १९ मंसिरमा नियुक्त भएपछि आफ्नो सचिवालयमा स्वकीय सचिव, कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगीलगायत १० जना नियुक्त गरेका थिए ।

मुख्यमन्त्री कार्यालय स्रोतका अनुसार सचिवालयमा स्वकीय अधिकृतमा कमलदेव यादव, कम्प्युटर अपरेटरमा महेश्वर चौधरी, चालकमा दिवस दुलाल तथा कार्यालय सहयोगीमा विद्यालाल राउत, संजितकुमार यादवसहित १० जना कार्यरत छन् ।



मधेश प्रदेशको 'मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५' अनुसार मुख्यमन्त्रीले स्वकीय सचिवसहित १४ जनासम्म सचिवालयमा राख्न सक्ने व्यवस्था छ । तर, जनजीवन र सरकारी खर्च कटौतीसँग सम्बन्धित आन्दोलनपछि नेपाल सरकारको ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तीनै तहका सरकारका खर्च नियन्त्रण गर्ने निर्णय गरेको थियो । त्यसअनुसार अर्थ मन्त्रालयले ७ असोजमा जारी गरेको परिपत्रको बुँदा ५(ट) मा नेपाल सरकार, प्रदेश सरकारका मन्त्री तथा प्रदेश प्रमुखको सचिवालयमा बढीमा तीन जना मात्र नियुक्त


*बाँकी पृष्ठ४ मा*

**महिला हिंसा**


महिला हिंसा होइन समाधान,
आदर हो पहिचान ।
महिलालाई सम्मान गरौं,
सभ्य समाज निर्माण गरौं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# समयमै पाठ्यपुस्तक, अझै बाँकी पारदर्शिताको परीक्षा

शैक्षिक सत्र सुरु भएसँगै विद्यार्थीको हातमा समयमै पाठ्यपुस्तक पुग्नु कुनै सामान्य उपलब्धि होइन । विगतमा नयाँ शैक्षिक सत्र सुरु भइसकेपछि पनि महिनौँसम्म विद्यार्थी पुस्तकविहीन हुने समस्या नेपाली शिक्षा प्रणालीको स्थायी रोगजस्तै बनेको थियो । यस्तो अवस्थामा जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय, जनकपुरधामले मधेश प्रदेशअन्तर्गतका विभिन्न जिल्लामा समयमै पाठ्यपुस्तक वितरण गरेर सकारात्मक सन्देश दिएको छ ।

कार्यालयले हालसम्म १७ करोड रुपैयाँभन्दा बढी मूल्यका १२ लाखभन्दा बढी पाठ्यपुस्तक बिक्री तथा वितरण गरिसकेको तथ्यांकले यस वर्ष वितरण प्रणाली केही व्यवस्थित भएको संकेत गर्छ । खोटाङ, ओखलढुंगा, उदयपुरदेखि धनुषा, सिरहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट र सिन्धुलीसम्मका जिल्लामा पुस्तक पुर्‍याइनु आफैंमा महत्वपूर्ण उपलब्धि हो । यसबाट करिब पाँच लाख विद्यार्थी लाभान्वित भएको बताइएको छ ।

शिक्षा संविधानले सुनिश्चित गरेको मौलिक हक हो । राज्यले निःशुल्क र आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्ने दायित्व बोकेको छ । त्यसैले समयमै पाठ्यपुस्तक उपलब्ध गराउनु केवल प्रशासनिक काम मात्र नभई राज्यको संवैधानिक जिम्मेवारी पनि हो । विद्यार्थीको सिकाइको आधार नै पाठ्यपुस्तक भएकाले यसको उपलब्धता ढिलो हुनु भनेको शिक्षा प्रणालीमै ढिलासुस्ती हुनु हो ।

यसपटक जनक शिक्षा सामग्री केन्द्रले सूचीकृत बिक्रेतामार्फत वितरणलाई तीव्रता दिएको र कक्षा ३ देखि १० सम्मका पुस्तकहरू जिल्लामा छिटो पठाउने प्रयास गरेको देखिन्छ । यो प्रयास प्रशंसनीय छ । विशेषतः पहाडी तथा दुर्गम जिल्लामा समेत समयमै पुस्तक पुर्‍याउनु व्यवस्थापन क्षमताको संकेत हो ।तर, उपलब्धिको यो तस्वीर पूर्णतः उज्यालो भने छैन । पाठ्यपुस्तक निःशुल्क वितरण गर्नुपर्ने विद्यालयहरूले अभिभावकसँग रकम असुल्ने तथा नयाँको सट्टा पुराना पुस्तक वितरण गर्ने गुनासा अझै सुनिनु चिन्ताजनक विषय हो । राज्यले निःशुल्क उपलब्ध गराएको सामग्रीलाई विद्यालय वा अन्य निकायले व्यापारिक लाभको माध्यम बनाउनु शिक्षा क्षेत्रमा देखिएको अनैतिक प्रवृत्तिको उदाहरण हो । यसले शिक्षा प्रणालीप्रति अभिभावक र विद्यार्थीको विश्वास कमजोर बनाउँछ ।

वितरण प्रणालीमा सुधार आएको दाबी गरिए पनि अन्तिम चरणसम्म प्रभावकारी निगरानी हुन सकेको छैन भन्ने यस्ता गुनासाले स्पष्ट पार्छन् । बिक्रेताले विद्यालयसम्म पुस्तक पुर्‍याउने र विद्यालयले पालिकामार्फत भुक्तानी लिने व्यवस्था पारदर्शी देखिए पनि व्यवहारमा त्यसको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण बनेको छ । कतिपय विद्यालयमा पुस्तकको अभाव देखाएर अनावश्यक शुल्क उठाउने, पुराना पुस्तक पुनः वितरण गर्ने वा समयमै विद्यार्थीलाई नदिने प्रवृत्ति अझै कायम छ ।

यसमा स्थानीय तह, शिक्षा शाखा र विद्यालय व्यवस्थापन समितिको जवाफदेहिता महत्वपूर्ण हुन्छ । केवल पुस्तक छापेर पठाउनु मात्र पर्याप्त हुँदैन, ती पुस्तक वास्तविक विद्यार्थीको हातसम्म निःशुल्क र समयमै पुगे कि पुगेनन् भन्ने सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ । त्यसका लागि नियमित अनुगमन, गुनासो सुनुवाइ संयन्त्र र कडा कारबाहीको व्यवस्था हुनुपर्छ ।

पाठ्यपुस्तक समयमै उपलब्ध हुनु शिक्षाको गुणस्तर सुधारतर्फको पहिलो कदम हो । तर, गुणस्तरीय शिक्षा केवल पुस्तक वितरणले मात्र सम्भव हुँदैन । त्यससँगै विद्यालयको शैक्षिक वातावरण, शिक्षकको उत्तरदायित्व, अभिभावकको सहभागिता र राज्यको प्रभावकारी निगरानी पनि अपरिहार्य हुन्छ । यस वर्षको वितरण कार्यले सकारात्मक आशा जगाएको छ । अब आवश्यक कुरा भनेको वितरण प्रक्रियामा रहेका कमजोरी हटाउँदै शिक्षा क्षेत्रलाई पूर्ण पारदर्शी र उत्तरदायी बनाउनु हो । नत्र, निःशुल्क शिक्षाको संवैधानिक सपना कागजमै सीमित रहने खतरा रहिरहनेछ ।

# सुकुमवासी व्यवस्थापन सरकारसँगै समाजको दायित्व



भानु पराजुली

केही दिनअघि टेलिभिजनमा एउटी वृद्धा देखिइन्- भाँडाकुँडा बाहिर निकालिएका, छतमुनिको ओत गएको, बाटोको छेउमा बसेकी। उनले क्यामेरातिर हेरिनन् शायद हेर्ने शक्ति बाँकी थिएन।

अर्को च्यानलमा थिए- साना बालबालिका जसलाई थाहै थिएन किन घर छोड्नुपरेको, कहाँ जाने हो। पत्रिकाहरूमा थिए- गर्भवती महिला, अपांगता भएका व्यक्ति, रातभर खुला आकाशमुनि बसेका परिवार।

यी दृश्यले नेपाली समाजको मुटुमा चोट पुर्‍याएको छ र पुर्‍याउनुपर्छ पनि। किनभने यही क्षणमा एउटा महत्वपूर्ण प्रश्न उठ्छ- यो वेदना, यो पीडा, यो चीत्कारले केवल सरकारमाथि आरोप लगाउने र राजनीतिक बहस गर्ने विषय मात्र बन्ने हो ? वा यी दृश्यले नेपाली समाजलाई एकैपल्ट जगाउने अवसर पनि बन्न सक्दैन र !



यो लेख त्यही प्रश्नको जवाफ खोज्ने प्रयास हो।

### *१. नाम फेरिए, पीडा उस्तै*

नेपालमा 'सुकुमवासी समस्या' भन्ने शब्दावली नै गलत छ। यो समस्या सुकुमवासीको होइन, यो राज्यको समस्या हो, समाजको समस्या हो। यसै अनलाइनखबरमा राजनीतिक विश्लेषक भूमि अध्येता झलक सुवेदी लेख्छन्- राणा शासन अन्त्य हुँदा देशको ३६ प्रतिशत खेतीयोग्य जमिन बिर्ता थियो, जसको ८० प्रतिशत राणा परिवारको हुन्थ्यो जहाँ एक जना दलितले त्यो जमिन पाएको थिएन।

औलो उन्मूलनपछि पहाडबाट झरेका, बाढी-पहिरोले सर्वस्व गुमाएका, नवउदारवादी नीतिले गाउँका उद्योग बन्द भएपछि शहर आएका यी सबैले खाली जमिनमा बसोबास गर्नु बाहेक विकल्प थिएन।

सन् १९९० देखि २०२४ सम्म उन्नाइस वटा आयोग बनेछन्। प्रत्येक आयोगले प्रतिवेदन दिए, प्रत्येक सरकारले 'समाधान गर्छौं' भने। परिणाम ? आज पनि भूमिहीन दलित ८८ हजार, भूमिहीन सुकुमवासी १ लाख ६८ हजार र अव्यवस्थित बसोबासी ८ लाख ७२ हजार परिवार गरी झण्डै ११ लाख परिवार वञ्चित छन्।

यो तथ्याङ्क घटेको छैन, बढेको छ बरु। यो संरचनागत विपद् हो जुन एक दिनमा आएन र एक दिनमा सकिँदैन। सात दशकको यो उपेक्षाले सिर्जना गरेको विपद् जुन बाढी वा भूकम्प भन्दा कम दर्दनाक छैन। फरक यत्ति हो, यसमा प्रकृतिको हात छैन, राज्य र समाजको हात छ।

### *२. बालेन सरकारको आँट*

१२ वैशाखदेखि काठमाडौं उपत्यकाका नदी किनारका जोखिमपूर्ण बस्तीहरू हटाउने अभियान शुरु भयो। थापाथली, गैरीधारा, मनोहरा, बल्खु ठाउँ-ठाउँमा डोजर चल्यो।

यो कदम सात दशकमा पहिलो पटक कसैले गरेको साहसिक प्रयास हो किनकि यही काम गर्न खोज्दा अघिल्ला सरकारहरू राजनीतिक दबाबमा पछि हट्थे।

तर सञ्चारमाध्यमहरूमा आएका दृश्यले एउटा तथ्य पनि उजागर गर्छ- कार्यान्वयनको शैलीमा मानवीय संवेदनाको कमी देखियो। पर्याप्त पूर्वसूचना नपाएका परिवार, सामान राख्ने ठाउँ नभएका वृद्धवृद्धा, औषधि र ओखती छुटेका बिरामी, विद्यालय छुटेका बालबालिका- यी पीडाहरू वास्तविक छन् र यिनको समाधान माग्नु उचित छ।

तर, यहाँ स्पष्ट हुनुपर्छ, कदमको समर्थन र शैलीको सुधार माग्नु भनेका दुई अलग काम हुन्। बालेन सरकारले जुन आँट देखाएको छ, त्यसलाई हौसला दिनु समाजको दायित्व हो। त्यो आँटको कार्यान्वयनमा मानवीय मर्यादा सुनिश्चित गर्न दबाब दिनु नागरिक समाजको दायित्व हो।

### *३. समयको सीमा, सबैको दायित्व*

जेठ महिनाको अन्त्यसँगै मनसुन शुरु हुन्छ। उसरी जलवायु परिवर्तनका हर्कतले मनसुन पनि बेइमान बन्ने गरेको छ, मध्य असोजपछिसम्म पनि ठूलो वर्षाले काठमाडौंका नदी किनार भरिन्छन्, बाढी आउँछ। हटाइएका परिवारहरू यदिविशे मनसुनअघि सुरक्षित ठाउँमा व्यवस्थित भएनन् भने अर्को मानवीय संकट आउन सक्छ। यो समयको सीमा सरकारले, नागरिक समाजले, समाजका हामी सबै वर्ग र व्यवसायीहरूले बुझ्नुपर्छ।

भूकम्प २०७२ मा के भयो ? लाखौं परिवार बेघर भए। नेपाली समाज एकजुट भयो, गाउँगाउँबाट, शहरशहरबाट, विदेशबाट। एनआरएनएले एक्लै करोडौं रकम संकलन गर्‍यो। स्वयंसेवकहरू ह्यान्ड स्यानिटाइजर र खाना बोकेर सुदूर गाउँसम्म पुगे। कोभिडमा पनि त्यही भयो, अक्सिजन सिलिन्डरदेखि खानासम्म, औषधिदेखि मनोसामाजिक परामर्शसम्म नेपाली समाजले आफूलाई चिन्यो।

भूकम्पमा एक रातभित्र घर ढल्छ त्यो विपद् हो। सात दशकसम्म घर नपाउनु, भूमिहीन भएर वर्षैपिच्छे झरी-वर्षा सहेर बस्नु पनि सामाजिक विपद् हो, र झनै क्रूर विपद्। दुवैमा समान करुणा र समान परिचालन चाहिन्छ। अहिले पनि त्यही एकता सहित परिचालन हुनु जरूरी छ। किनभने यो राजनीतिक प्रश्न होइन, मानवीय प्रश्न हो।

### *४. जिम्मेवारीको स्पष्ट खाका*

तल प्रत्येक क्षेत्रको तत्काल र मध्यकालीन जिम्मेवारी उल्लेख गरिएको छ, मनसुनअघि नै यी सबै सक्रिय हुनुपर्छ :

*क. सरकारका मन्त्रालय तथा विभाग*

- भूमि व्यवस्था तथा शहरी विकास मन्त्रालय; वास्तविक सुकुमवासीको एकीकृत डेटाबेस तयार गर्ने, वैकल्पिक आवासको स्थान र समयरेखा सार्वजनिक गर्ने।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; अस्थायी स्थलमा रहेका गर्भवती, सुत्केरी, एकल महिला, बालबालिका र ज्येष्ठ नागरिकको छुट्टै सूची बनाउने, तत्काल सेवा सुनिश्चित गर्ने।
- शिक्षा मन्त्रालय; विस्थापित बालबालिकालाई नजिकका विद्यालयमा तत्काल भर्ना खुला गर्ने, किताबकापी र पोशाक व्यवस्था गर्ने।
- स्वास्थ्य मन्त्रालय; अस्थायी स्थलमा मोबाइल स्वास्थ्य शिविर पठाउने, गर्भवती र सुत्केरीका लागि विशेष प्राथमिकता तोक्ने।
- राष्ट्रिय प्राधिकरण तथा विपद् व्यवस्थापन विभाग; यस अभियानलाई 'सामाजिक विपद्' घोषणा गरी समन्वयको केन्द्रीय भूमिका लिने।

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

**एम्बुलेन्स**

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

**प्रहरी कार्यालय**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

**अस्पतालहरू**

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

**महत्वपूर्ण कार्यालयहरू**

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# माइग्रेन अर्थात् आधा टाउको दुखाइ

डा. यन्जन गैह्रै
*योग तथा प्राकृतिक चिकित्सक*



***माइग्रेन के हो ?***

माइग्रेन भनेको टाउकोको एकातिर वा कहिलेकाहीँ दुबैपट्टि बारम्बार हुने, धड्किने वा चिमोटेजस्तो महसुस हुने तीव्र दुखाइ हो। यो सामान्य टाउको दुखाइभन्दा फरक हुन्छ र लामो समयसम्म रहन सक्छ–केही घण्टादेखि लिएर २-३ दिनसम्म पनि।

माइग्रेन सुरु हुनु अघि केही व्यक्तिमा 'अउरा' देखिन सक्छ, जसमा आँखामा झिल्का देखिने, धमिलो देखिने, शरीर झमझमाउने वा बोल्न गाह्रो हुने जस्ता संकेतहरू देखा पर्न सक्छन्।

यसका साथमा वाकवाकी लाग्ने, बान्ता हुने, उज्यालो वा ठूलो आवाज सहन नसक्ने, थकान तथा कमजोरी हुने जस्ता लक्षणहरू पनि देखिन्छन्।

**माइग्रेनका प्रमुख लक्षणहरू**

- टाउकोको एकातिर (कहिलेकाहीँ दुबैपट्टि) तीव्र दुखाइ हुनु
- धड्किने वा गहिरो पीडाजस्तो महसुस हुनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- उज्यालो प्रकाश (फोटोफोबिया) र ठूलो आवाज (फोनोफोबिया) सहन नसक्नु
- आँखामा झिल्काजस्तो देखिनु वा धमिलो दृष्टि हुनु
- थकान, चिडचिडापन, ध्यान केन्द्रित गर्न गाह्रो हुनु
- शारीरिक गतिविधि गर्दा दुखाइ झन् बढ्नु

***माइग्रेन हुने मुख्य कारणहरू***

- मानसिक तनाव, चिन्ता र अत्यधिक सोच
- निद्राको कमी, अनियमित सुत्ने/उठ्ने बानी
- धेरै समय मोबाइल, टिभी वा कम्प्युटर प्रयोग
- कफी, मदिरा, चुरोट तथा अत्यधिक मसालेदार वा प्रोसेस्ड खाना
- हार्मोनल परिवर्तन (विशेषगरी महिनावारीको समयमा महिलामा)
- पानी कम पिउनु (डिहाइड्रेसन)
- अनियमित भोजन वा लामो समय खाली पेट बस्नु
- मौसम परिवर्तन वा धेरै गर्मी/चिसो
- तेज गन्ध, तेज प्रकाश वा ठूलो आवाज

*न्याचुरोप्याथी (प्राकृतिक उपचार):*

- *पानी उपचार:* दिनभरि पर्याप्त मात्रामा तातो वा सामान्य पानी पिउनु–यसले शरीरको विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ।
- **चिसो/तातो सेक:** टाउको दुखेको भागमा चिसो सेक र घाँटी-काँधमा तातो सेक गर्दा स्नायु शिथिल भई आराम मिल्छ।
- **माटो उपचार:** चिसो माटोको लेप निधार वा टाउकोमा लगाउँदा तातोपन घटाई दुखाइ कम गर्न सहयोग गर्छ।
- **उपवास (डाक्टरको सल्लाहमा):** हल्का वा फलाहार उपवासले पाचन प्रणाली सुधार गरी माइग्रेनको आवृत्ति घटाउन सक्छ।
- **सनबाथ (घाम उपचार):** बिहानको हल्का घामले शरीरमा भिटामिन म बढाएर समग्र स्वास्थ्य सुधार गर्छ।

***योग र प्राणायाम***

- अनुलोम-विलोम प्राणायाम (स्नायु सन्तुलनका लागि)
- भ्रामरी प्राणायाम (मानसिक शान्तिका लागि अत्यन्त प्रभावकारी)
- कपालभाति (हल्का मात्रामा, चिकित्सकको सल्लाह अनुसार)
- शवासन (पूर्ण विश्रामका लागि)
- बालासन (तनाव कम गर्न)
- पश्चिमोत्तानासन (रक्तसञ्चार सुधारका लागि)

नियमित १५-३० मिनेट योग अभ्यासले माइग्रेनको आवृत्ति र तीव्रता दुवै घटाउन मद्दत गर्छ।

***घरमै गर्न सकिने घरेलु उपायहरू:***

- अदुवा र मह मिसाएर बिहान सेवन गर्ने (सूजन कम गर्न सहयोगी)
- तुलसीको पातको रस वा चिया सेवन गर्ने
- पर्याप्त पानी पिउने (दिनमा २-३ लिटर)
- नियमित समयमा सुत्ने र उठ्ने (७-८ घण्टा निद्रा)
- लामो समय खाली पेट नराख्ने
- तेज प्रकाश, ठूलो आवाज र गन्धबाट टाढा रहने
- मोबाइल/स्क्रिन प्रयोग कम गर्ने
- ध्यान (Meditation) र गहिरो सासप्रश्वास अभ्यास गर्ने

***कहिले डाक्टरसँग परामर्श गर्ने ?***

- दुखाइ अत्यन्त धेरै र बारम्बार हुने भएमा
- औषधि खाँदा पनि राहत नपाएमा
- दृष्टि गुम्ने, बोली अस्पष्ट हुने वा शरीर सुन्निने जस्ता *असामान्य लक्षण देखिएमा*
- अचानक धेरै तीव्र टाउको दुखाइ सुरु भएमा

माइग्रेन जीवनशैलीसँग गहिरो रूपमा सम्बन्धित समस्या हो। केवल औषधिमा निर्भर नभई सही खानपान, नियमित दिनचर्या, तनाव व्यवस्थापन, योग, प्राणायाम तथा प्राकृतिक उपचार अपनाएमा यसलाई दीर्घकालीन रूपमा नियन्त्रण गर्न सकिन्छ। समयमै सचेत भएर स्वस्थ जीवनशैली अपनाउनु नै माइग्रेनबाट बच्ने र दीर्घकालीन स्वास्थ्य कायम गर्ने सबैभन्दा प्रभावकारी उपाय हो।

अपनाउनु नै माइग्रेनबाट बच्ने र दीर्घकालीन स्वास्थ्य कायम गर्ने सबैभन्दा प्रभावकारी उपाय हो।

साभार: स्वस्थ्यखबरडटकम

## सुकुमवासी......

***ख. नागरिक समाज र स्वयंसेवी संस्था***

- मनोसामाजिक परामर्श; मनोस्वास्थ्य संस्था र परामर्शदाताहरू अस्थायी स्थलमा सरकारको प्रतीक्षा नगरी पुग्नुपर्छ, विशेषत: बालबालिका, एकल महिला तथा वृद्धवृद्धाका लागि।
- खाना, लत्ताकपडा, स्वच्छता; स्थानीय गुठी, सामाजिक संस्था र धार्मिक संगठनहरूले नजिकका अस्थायी स्थलमा भोजन सहयोग र स्वच्छता सामग्री पुऱ्याउन सक्छन्।
- कानूनी सहयोग; वकिल संघ र कानूनी सहायता केन्द्रहरूले विस्थापित परिवारलाई नि:शुल्क परामर्श दिनुपर्छ, आवास अधिकार र क्षतिपूर्तिका बारेमा।

***ग. अस्पताल तथा स्वास्थ्य संस्था***

- नोबेल, वीर, प्रसूति गृह; विस्थापित गर्भवती र सुत्केरी महिलाका लागि नि:शुल्क प्रसूति सेवा तत्काल घोषणा गर्ने, केही अस्पतालले थालिसकेका छन्, बाँकीले अनुसरण गर्नुपर्छ।
- मानसिक स्वास्थ्य अस्पताल; ट्रमा काउन्सेलिङ टोली परिचालन गर्ने, विशेषगरी आत्महत्याको जोखिममा रहेका व्यक्तिहरूको पहिचान र तत्काल सहयोगका लागि।

घ. निजी क्षेत्र, उद्योगी र व्यापारी आदि

- उद्योग वाणिज्य महासंघ; सदस्य उद्योगीहरूबाट आपतकालीन कोष संकलन गरी विस्थापित परिवारलाई वितरण गर्ने, भूकम्पमा गरेको जस्तै।
- रियल स्टेट क्षेत्र; अस्थायी आवासका लागि खाली फ्ल्याट वा व्यावसायिक स्थल न्यून भाडामा वा नि:शुल्क उपलब्ध गराउन सक्छन्, सरकारसँग समन्वय गरी।
- निर्माण व्यवसायी; वैकल्पिक आवास निर्माणमा सामग्री र जनशक्ति अनुदानमा दिन सक्छन्।
- एनआरएनए केन्द्रीय समिति; भूकम्प र कोभिडमा झैं तत्काल 'सुकुमवासी पुनर्स्थापना कोष' घोषणा गर्ने। वित्तीय सहयोगभन्दा माथि विज्ञता र सञ्जाल पनि उपलब्ध गराउने।
- युवा नेपाली डायस्पोरा; सोसल मिडियामा केवल आरोप र प्रतिआरोपको बाढी बगाउनुभन्दा व्यावहारिक सहयोगका अभियान शुरु गर्ने। अनलाइन फन्डरेजिङ, जागरूकता अभियान र दबाब समूहको रूपमा परिचालित हुने।

***५. दुई फरक वर्ग, एउटै समाधान***

यो अभियानमा एउटा महत्वपूर्ण कुरा भुल्नुहुँदैन, सबै बस्तीमा सबै उस्तै छैनन्। यसलाई देशव्यापी गर्न जरूरी छ, जिल्लाका सदरमुकामहरूमा ठूला पालिका तथा शहरहरूमा अतिक्रमित जमिनमा घरबासहरू भत्किन थालेका छन्। कतिपय परिवार वास्तविक रूपमा पुस्तौंदेखि भूमिहीन छन् यी खाँटी सुकुमवासी हुन् जसलाई संविधानले नै जमिनको हक दिएको छ।

अर्कातिर छन् राजनीतिक संरक्षणमा जमिन ओगटेका, अरूलाई भाडामा दिने गरी अवैध बस्ती व्यावसायिक रूपमा चलाउने हुकुमवासीहरू। उनीहरूको हिसाबकिताब पनि दुरुस्त राख्नुपर्छ किनभने, उनीहरूलाई कारबाही गर्नुपर्ने हुन्छ।

यी दुई वर्गको पहिचान नगरी एउटै लाठीले हान्नु न्यायसंगत हुँदैन। र पहिचान नगरी सबैलाई पीडितको रूपमा प्रस्तुत गर्नु पनि इमानदार भइँदैन। वास्तविक सुकुमवासीको पक्षमा उभिनु भनेको हुकुमवासीको संरक्षण गर्नु होइन। यो भेद बुझ्नु अहिलेको सबभन्दा ठूलो बौद्धिक चुनौती हो।

खाँटी सुकुमवासीको पुनर्स्थापनामा सहयोग गर्नु र हुकुमवासीको अतिक्रमण हटाउन बालेन सरकारको आँटलाई हौसलासँगै साथ दिनु विरोधाभासी हुनु होइन। बुझ्न जरूरी छ।

***६. करुणा होइन कर्मको राजनीति***

लेखक, विश्लेषक झलक सुवेदीले सही भनेका छन् 'जनतालाई सम्मान गर र यो व्यवस्थापनको काम अघि बढाऊ।' यो भनाइमा दुई काम छन्: सम्मान र व्यवस्थापन। सरकारले व्यवस्थापन थालेको छ, आँट गरेको छ, पहल गरेको छ अब 'सम्मान'को काम समाजको हो।

सुकुमवासीको मर्यादापूर्ण पुनर्स्थापना कुनै एक दलको एजेन्डा होइन, हाम्रो साझा मानवीय दायित्व हो।


टेलिभिजनमा आँसु देखाएर मात्र सम्मान हुँदैन। पत्रिकामा आरोप छापेर मात्र न्याय हुँदैन। सोसल मिडियामा भावुक पोस्ट गरेर मात्र करुणा पूरा हुँदैन। सम्मान त्यसबेला हुन्छ जब त्यो वृद्धाका लागि सुरक्षित छत हुन्छ। न्याय त्यसबेला हुन्छ जब ती बालबालिकाले नयाँ विद्यालयमा भर्ना पाउँछन्। करुणा त्यसबेला पूरा हुन्छ जब ती गर्भवती महिलाले सुरक्षित प्रसूति सेवा पाउँछिन्।

मनसुन आउन अब केही साता मात्र बाँकी छ। समय कम छ, काम धेरै छ, जिम्मेवारी सबैको छ। सरकारले आँट गरेको छ। समाजले हात मिलाउनुपर्छ। डोजर चलाएको हेरेर भिडियो र फोटो मात्र खिचेर रमिता गर्ने बेला होइन, करुणाको खोप दिने काममा जुट्नु ज्ञान हो, त्यही औषधि हो, आआफ्नो ठाउँबाट पहल गर्नुपर्छ। हुकुमवासी हटाउने र खाँटी सुकुमवासीको मर्यादापूर्ण पुनर्स्थापना यो कुनै एक दलको एजेन्डा होइन, हाम्रो साझा मानवीय दायित्व हो।

*(पराजुली, ग्रामीण गरिबी र आर्थिक सामाजिक विकास अनुसन्धाता हुन्।)*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# डिभिजन प्रमुख साहविरुद्ध अख्तियारमा उजुरी



दैनिक समाचारदाता
जनकपुरधाम २४ वैशाख । रौतहट डिभिजन वन कार्यालयका प्रमुख हेमन्त साहविरुद्ध भ्रष्टाचार, काठ तस्करी, घुसखोरी तथा वन विनाशमा संलग्न रहेको आरोप लगाउँदै चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहित विभिन्न निकायमा बिहीबार विस्तृत उजुरी दर्ता गराएको छ ।

अभियानका अध्यक्ष सुनिलकुमार यादवले हुलाकमार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय काठमाडौं, क्षेत्रीय कार्यालय बर्दिबास र हेटौंडा, राष्ट्रिय सतर्कता केन्द्र तथा प्रधानमन्त्री कार्यालय सिंहदरबारमा उजुरी पठाएका हुन् ।

उजुरीमा डिभिजन वन कार्यालय रौतहटका प्रमुख साहमाथि वन ऐनविपरीत गतिविधि, सरकारी सम्पत्तिको दुरुपयोग, सामुदायिक वनको रकम हिनामिना तथा वन क्षेत्र फँडानीमा संलग्न रहेको आरोप लगाइएको छ ।

उजुरीअनुसार महोत्तरीमा डिभिजनल वन अधिकृत (डीएफओ) रहँदादेखि नै साहविरुद्ध अख्तियारले छानबिन गरी विशेष अदालतमा मुद्दा दायर गरेको र उक्त मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको उल्लेख गरिएको छ । अभियानले रौतहटमा पनि उनले "लुट मच्चाएको" आरोप लगाएको छ ।

सर्वसाधारणलाई सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था भए पनि डीएफओ साहले काठ आपूर्ति समितिबाट उपभोक्तालाई काठ नदिई विभिन्न स:मिल व्यवसायीसँग मिलेमतो गरी गोप्य टेन्डरमार्फत कम मूल्यमा काठ बिक्री गरेको उजुरीमा उल्लेख छ । प्रति क्यु फिट काठमा ५०० देखि १ हजार रुपैयाँसम्म कमिशन लिएको दाबीसमेत गरिएको छ ।

त्यसैगरी विभिन्न सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना निर्माणका लागि आएको करिब २० लाख रुपैयाँ अनियमित रूपमा फिर्ता लिएर दुरुपयोग गरिएको आरोप पनि लगाइएको छ । जनएकता, जनचाहना, हातेमालो तथा तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूहको खाताबाट रकम हिनामिना भएको भन्दै बैंक स्टेटमेन्ट र अडिट रिपोर्ट झिकाएर अनुसन्धान गर्न माग गरिएको छ ।

उजुरीमा गैडाटार क्षेत्रमा करिब ५ हेक्टर जमिनको सिसौ वन कटान गरी लाखौं रुपैयाँ घुस लिएको, नुनथर पर्यटन क्षेत्रमा नियमविपरीत जिपलाइन निर्माण गराएको, नमुना सामुदायिक वनको हजारौं क्यु फिट सालको काठ तस्करी गराएको तथा प्रमाण नष्ट गर्न आगजनीसमेत गरिएको आरोप समावेश छ ।

यस्तै, वन क्षेत्रका विभिन्न स्थानमा तस्करसँग मिलेमतो गरी अवैध फँडानी गराइएको, कार्यालय तोडफोड मुद्दा मिलाउन घुस लिएको, चुरे क्षेत्रमा क्रसर उद्योगद्वारा भइरहेको दोहनमा मौन समर्थन दिएको तथा पौराही सब-डिभिजनअन्तर्गत सञ्चालन गरिएको चार्जिङ सेन्टरको वैधानिकतामाथि समेत प्रश्न उठाइएको छ ।

उजुरीमा खोरकटी सामुदायिक वन उपभोक्ता समूहद्वारा आयोजित कार्यक्रममा डीएफओ साहले "पदाधिकारीलाई जेल जानबाट बचाएको" अभिव्यक्ति दिएको भिडियो सुरक्षित रहेको दाबी गर्दै उक्त अभिव्यक्तिले वन अपराधमा उनको संलग्नता पुष्टि गर्ने उल्लेख गरिएको छ ।

यसैबीच अभियानले मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयमाथि पनि प्रश्न उठाउँदै एउटै जिल्लामा वर्षौंसम्म कर्मचारी राख्ने तथा सरुवा भएपछि पुन: सोही स्थानमा फर्काउने प्रवृत्तिले सुशासनमाथि गम्भीर प्रश्न खडा गरेको जनाएको छ ।

# सरकारी बैंकको अध्यक्ष र सञ्चालकद्वारा धमाधम राजीनामा

दैनिक समाचारदाता
काठमाडौं २४ वैशाख । नेपाल सरकारको तर्फबाट सरकारी बैंकमा प्रतिनिधित्व गरेका सञ्चालकले राजीनामा दिएका छन् ।

राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकको सञ्चालक समितिमा सरकारले नियुक्त गरेका वा सरकारको तर्फबाट सञ्चालक बनेका अध्यक्ष तथा सञ्चालकहरुले राजीनामा दिएका हुन् ।

राष्ट्रिय वाणिज्य बैंकका सञ्चालक देवकुमार ढकालले बुधबार नै राजीनामापत्र बुझाएको बताए । सरकारलाई सहयोग होस् भन्ने उद्देश्यले राजीनामा दिएको उनको भनाइ छ । उनीसँगै अन्य सञ्चालकहरुले समेत बुधबार नै राजीनामा दिएका छन् ।

उता कृषि विकास बैंकका अध्यक्ष डिमप्रसाद पौडेल र सञ्चालक रहेकाहरुले बुधबार नै राजीनामा बुझाएका छन् । बैंकका कम्पनी सचिव हिमलाल पौडेलले अध्यक्ष लगायत अर्थ मन्त्रालयका तर्फबाट प्रतिनिधित्व भएका सञ्चालकहरुले राजीनामा दिएको जानकारी दिए ।




साधारण सेयर जारी गरेका बैंकमा शेयरधनीको तर्फबाट नियुक्त भएका र स्वतन्त्र सञ्चालकले भने राजीनामा दिएका छैनन् ।

सरकारले अध्यादेशमार्फत् १५९४ जनालाई पदमुक्त गरे पनि नेपाल राष्ट्र बैंक एवं बैंक तथा वित्तीय संस्थालाई यसले छोएको थिएन । अर्थ मन्त्रालयले ती बैंकका अधिकारीहरुलाई राजीनामा दिन सन्देश पठाएको थियो ।

नेपाल बैंकका सञ्चालकहरुको भने राजीनामा आइसकेको छैन । यद्यपि उनीहरुले समेत राजीनामा दिने प्रतिवद्धता जनाइसकेको बताइएको छ ।

## भोला पासमान.........

गर्ने अवस्था सुनिश्चित गर्नु राज्यको दायित्व भएको स्पष्ट पार्नुभयो ।

उहाँले सत्य र तथ्यमा आधारित पत्रकारिताले मात्रै जनतालाई सही सूचना दिन सक्ने उल्लेख गर्दै सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत फैलिने मिथ्या सूचना तथा भ्रामक समाचार वर्तमान पत्रकारितासामु गम्भीर चुनौतीका रूपमा उभिएको बताउनुभयो । यस्ता चुनौती सामना गर्न नेपाली प्रेस सक्षम हुनेमा आफू विश्वस्त रहेको उहाँको भनाइ थियो ।

राष्ट्रपति पौडेलले समाचार लेखेकै आधारमा पत्रकार असुरक्षित हुनुपर्ने अवस्था अन्त्य हुनुपर्नेमा जोड दिँदै श्रमजीवी पत्रकारको हकहित, सञ्चारगृहको आर्थिक दिगोपन र पत्रकारको पेशागत सुरक्षाका लागि सरकार तथा निजी क्षेत्रबीच समन्वय आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले लोकतन्त्रको सुदृढीकरणका लागि स्वतन्त्र, निष्पक्ष र मर्यादित पत्रकारिता अपरिहार्य रहेको धारणा राख्नुभयो । उहाँले सरकारले प्रेस स्वतन्त्रतामाथि कुनै अंकुश लगाउने पक्षमा नरहेको स्पष्ट पार्दै तथ्यमा आधारित र जिम्मेवार पत्रकारिताले मात्रै समाजलाई सही दिशानिर्देश गर्न सक्ने बताउनुभयो ।

मन्त्री तिमिल्सिनाले डिजिटल युगमा सामाजिक सञ्जालको दुरुपयोग र 'फेक न्यूज' का कारण समाजमा भ्रम फैलिरहेको उल्लेख गर्दै तथ्य जाँचलाई पत्रकारिताको महत्वपूर्ण अंगका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले सञ्चारमाध्यमको दिगोपनका लागि विज्ञापन नीति २०८३ ल्याउने तयारी भइरहेको जानकारी पनि दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका कार्यवाहक अध्यक्ष दीपक आचार्यले प्रेस काउन्सिल ऐन संशोधन गरी मिडिया नियमन प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो भने सम्मानित पत्रकार भोलाकुमार पासवानले सञ्चार नीति निर्माणमा दलित तथा सीमान्तकृत समुदायलाई पनि समावेश गर्न सरकारसँग आग्रह गर्नुभयो ।

## मधेशका ...............

गर्न सकिने उल्लेख गरिएको छ ।यही परिपत्रलाई आधार मान्दै मुख्यमन्त्री कार्यालयका कर्मचारीहरूले तीन जनाभन्दा बढीको तलब निकासा गर्न नमिल्ने अडान लिएका छन् । मुख्यमन्त्री यादवले करिब दुई महिनाअघि तलब निकासाका लागि फाइल लेखा शाखामा पठाए पनि प्रक्रिया अघि बढ्न सकेको छैन ।

मुख्यमन्त्री कार्यालयका एक कर्मचारीका अनुसार संघीय सरकारको परिपत्रविपरीत नियुक्ति भएकाले तलब निकासा गर्दा पछि कर्मचारी नै जिम्मेवार बन्नुपर्ने अवस्था आउन सक्ने डर छ । त्यसैले फाइल रोकिएको उनले बताए ।

केही दिनअघि सञ्चारकर्मीसँगको भेटघाटमा मुख्यमन्त्री यादवले पनि आफ्नो सचिवालयका कर्मचारीले हालसम्म तलबभत्ता नपाएको गुनासो गरेका थिए ।


## सम्पदा जोगाऔं, पहिचान बचाऔं ।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुर्‍याऔं ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं ।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
- पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं

*सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२










'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४